**Butwal Campus Journal, Vol. 9, No. 1: 129-139, June 2026**
Research Management Cell, Butwal Multiple Campus, Tribhuvan University, Nepal
DOI: https://doi.org/10.3126/bcj.v9i1.98863

# *मन्त्रीको मुस्कान* लघुकथासङ्ग्रहमा व्यङ्ग्य

**प्रेमप्रसाद तिवारी**
**बुटवल बहुमुखी क्याम्पस, त्रि.वि.**
tiwari.prem828@gmail.com
https://orcid.org/0009-0007-4433-7501
**शालिकराम पौड्याल**
**बुटवल बहुमुखी क्याम्पस, त्रि.वि.**
paudyalshalikram@gmail.com
https://orcid.org/0009-0007-6023-9864

## लेखसार

प्रस्तुत लेख कपिल लामिछानेको *मन्त्रीको मुस्कान* लघुकथासङ्ग्रहमा प्रयुक्त व्याङ्ग्यार्थको अध्ययनमा केन्द्रित रहेको छ । यसमा सङ्गृहीत ५४ ओटै लघुकथालाई प्राथमिक सामग्रीका रूपमा लिई व्यञ्जना शब्दशक्तिका दृष्टिले तिनमा निहित अर्थको खोजी तथा व्याख्याविश्लेषण गरिएको छ । साहित्यिक कृतिमा प्रत्यक्ष कथ्यभन्दा पर निहित व्यङ्ग्यार्थ पहिचान गर्न शाब्दी र आर्थी व्यञ्जनाको सैद्धान्तिक आधारलाई विश्लेषणको प्रमुख आधार बनाइएको छ । विशिष्ट शब्द, पद, शीर्षक, प्रतीक तथा अर्थविस्तारबाट व्यङ्ग्यार्थ निर्माण हुने अवस्थालाई शाब्दी व्यञ्जना र वक्ता, पात्र, प्रसङ्ग, परिस्थिति, चेष्टा तथा घटनासंरचनाबाट व्यङ्ग्यार्थ अभिव्यक्त हुने अवस्थालाई आर्थी व्यञ्जनाका रूपमा ग्रहण गरी कृतिको विश्लेषण गरिएको छ । प्रस्तुत लेख गुणात्मक अध्ययन पद्धतिमा आधारित रहेको छ भने लघुकथामा प्रयुक्त शाब्दी तथा आर्थी व्यञ्जनासँग सम्बन्धित सन्दर्भको पाठविश्लेषण गरी तिनबाट अभिव्यक्त सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक तथा नैतिक आशयको उद्घाटन गरिएको छ । अध्ययनबाट *मन्त्रीको मुस्कान* लघुकथासङ्ग्रहमा शाब्दी व्यञ्जना मुख्यत: विशिष्ट शब्द र शीर्षक प्रयोगमा तथा आर्थी व्यञ्जना पात्रगत व्यवहार, संवाद, प्रसङ्ग, परिस्थिति र घटनासंरचनामा आधारित रहेको निष्कर्ष प्राप्त भएको छ । शाब्दी व्यञ्जनाले व्यङ्ग्यार्थको शब्दगत आधार निर्माण गरे पनि त्यसलाई व्यापक सामाजिक अर्थमा विस्तार गर्ने कार्य आर्थी व्यञ्जनाले गरेको छ । यसबाट सङ्ग्रहका लघुकथामा व्यञ्जना अप्रत्यक्ष अर्थबोधको माध्यम मात्र नभई सामाजिक विकृति, राजनीतिक विसङ्गति, आर्थिक स्वार्थ, नैतिक विचलन तथा मानवीय अन्तर्विरोधमाथि व्यङ्ग्यात्मक दृष्टि सम्प्रेषण गर्ने प्रभावकारी शिल्पका रूपमा स्थापित भएको निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी :** आर्थी व्यञ्जना, प्रतीकात्मक, व्यङ्ग्यात्मक दृष्टि, व्यङ्ग्यार्थ, शाब्दी व्यञ्जना ।

## विषयपरिचय

कपिल लामिछाने (२०१५) समसामयिक नेपाली लघुकथा र बालसाहित्यका क्षेत्रमा कलम चलाउने सर्जक हुन् । लामिछानेका *अन्यथा* (२०५४), *जलमानव* (२०६०), *बोन्साई* (२०६८),

*विस्थापन* (२०७५), *अणिमा* (२०७९) र *मन्त्रीको मुस्कान* (२०८०) जस्ता लघुकथासङ्ग्रह सार्वजनिक भएका छन् । नेपाली समाजमा विद्यमान सामाजिक विकृति, राजनीतिक विसङ्गति, आर्थिक स्वार्थ, प्रशासनिक बेथिति, मानवीय मूल्यको क्षयीकरण तथा समसामयिक जीवनका अन्तर्विरोधलाई विषयवस्तु बनाएर लघुकथा सिर्जना गर्नु लामिछानेको लेखकीय विशेषता हो । उनका लघुकथामा सामान्य जीवनव्यवहार र समसामयिक घटनाभित्र लुकेका गम्भीर सामाजिक आशयलाई सूत्रात्मक, सङ्केतात्मक तथा व्यङ्ग्यात्मक अभिव्यक्तिका माध्यमबाट प्रस्तुत गरिएको पाइन्छ ।

*मन्त्रीको मुस्कान* (२०८०) लघुकथासङ्ग्रहमा ५४ ओटा लघुकथा रहेका छन् । पिँजडा, बाघको विजय, ईश्वरको पुनर्जन्म, साझा तीर्थ, असल चिकित्सक, सर्पको सोख, मन्त्रीको मुस्कान, ताकत, राजनीतिक नियुक्ति, गहना र नाक, मूल्य, सफा मन, आगलागी, सिस्टमलगायतका लघुकथामा नेपाली समाजका विविध विकृति र विसङ्गतिप्रति व्यङ्ग्यात्मक दृष्टि प्रस्तुत गरिएको छ । यी कथामा कतिपय अवस्थामा विशिष्ट शब्द, पद, शीर्षक वा प्रतीकको प्रयोगबाट प्रत्यक्ष अर्थभन्दा पर अतिरिक्त अर्थ अभिव्यक्त भएको छ भने कतिपय ठाउँमा पात्र, वक्ता, प्रसङ्ग, परिस्थिति, चेष्टा, घटना र कथानकको समग्र सम्बन्धबाट अप्रत्यक्ष अर्थ ग्रहण गर्नुपर्ने हुन्छ ।

पूर्वीय काव्यशास्त्रमा प्रत्यक्ष वाच्यार्थभन्दा पर रहेको अप्रत्यक्ष तथा गूढ अर्थलाई सहृदय पाठकसम्म सम्प्रेषण गर्ने अर्थव्यापारका रूपमा व्यञ्जनालाई लिइन्छ । यसअन्तर्गत शाब्दी व्यञ्जना विशिष्ट शब्द वा पदप्रयोगबाट व्यङ्ग्यार्थ निर्माण हुने प्रक्रिया हो भने आर्थी व्यञ्जना वक्ता, बोधव्य, प्रसङ्ग, परिस्थिति, पात्रगत व्यवहार, चेष्टा र घटनासम्बन्धबाट व्यङ्ग्यार्थ प्रकट हुने प्रक्रिया हो । *मन्त्रीको मुस्कान* लघुकथासङ्ग्रहमा 'पिँजडा', 'दाँत', 'नाक', 'असल', 'सुरक्षा', 'उपचार', 'मूल्य', 'मुस्कान' जस्ता विशिष्ट शब्द तथा शीर्षकले विशेष अर्थ बुझाएका छन् । बाघको विजयमा बाघको चुनावी व्यवहार, असल चिकित्सकमा चिकित्सकको कार्यशैली, मन्त्रीको मुस्कानमा विपत्तिप्रति मन्त्रीको प्रतिक्रिया तथा अन्य कथामा पात्र र घटनाको परिस्थितिजन्य व्यवहारबाट व्यङ्ग्यार्थ निर्माण भएको छ । लघुकथा जस्तो सङ्क्षिप्त आख्यानात्मक संरचना भएको विधामा व्यञ्जना शब्दशक्तिका माध्यमबाट अभिव्यक्त हुने व्यङ्ग्यार्थको अत्यधिक महत्त्व रहेको हुन्छ । लघुकथामा शब्दको सङ्ख्या सीमित हुने भएकाले लेखकले विस्तृत वर्णन नगरी सङ्केत, प्रतीक, व्यङ्ग्य, संवाद, शीर्षक, पात्रको व्यवहार, घटनाको चयन आदिका माध्यमबाट अतिरिक्त अर्थ निर्माण गर्नुपर्ने हुन्छ । फलतः लघुकथाको सतही कथ्यभन्दा गहिराइमा रहेको सामाजिक, राजनीतिक, सांस्कृतिक वा मनोवैज्ञानिक आशय व्यञ्जनाका माध्यमबाट उद्घाटित हुन सक्छ । यस दृष्टिले लघुकथाको प्रभावकारिता त्यसले प्रत्यक्ष रूपमा भनेको कुरामा मात्र नभई नबोलीकन सङ्केत गरेको अर्थमा समेत निर्भर हुन्छ । लघुकथाको शीर्षकसमेत व्यञ्जनाको महत्त्वपूर्ण आधार बन्न सक्छ । कथाको प्रत्यक्ष कथ्यसँग सामान्य देखिने शीर्षकले कथाको अन्त्य वा घटनाक्रमसँग जोडिएपछि अतिरिक्त अर्थ उत्पन्न गर्न सक्छ । त्यस्तै पात्रको मौनता, सामान्य देखिने संवाद, असामान्य व्यवहार, प्रतीकात्मक वस्तु, परिवेश वा अन्तिम वाक्यले समेत व्यङ्ग्यार्थ निर्माण गर्न सक्छ ।

हरिप्रसाद भण्डारीले *मन्त्रीको मुस्कान* लघुकथामा राजनीतिक व्यङ्ग्य रहेको उल्लेख गरेका छन् । भण्डारीका अनुसार लामिछाने व्यङ्ग्यविधानमा प्रवीण छन् र उनका कथाहरूले शासनसत्तामा बस्नेहरूको असंवेदनशीलतालाई उदाङ्गो पारेका छन् । अशोक थापाले अराजकताको सिद्धान्तका आधारमा मन्त्रीको मुस्कान कथाको समीक्षा गर्दै नेपाली राजनीतिमा रहेको अकर्मण्यता र पदलोलुपताको चर्चा गरेका छन् । तेजप्रसाद पन्थीले यस सङ्ग्रहलाई चटपटे जस्तै स्वादिलो र तिखो प्रभाव छोड्ने कृतिको रूपमा प्रशंसा गरेका छन् । यस सङ्ग्रहलाई भोलानाथ पोखरेलले नेपाली लघुकथा परम्परामा व्यङ्ग्य र यथार्थको सन्तुलित सङ्गम हो भनेका छन् । *मन्त्रीको मुस्कान* कृतिमाथि गरिएका पूर्वकार्यहरूले यस कृतिलाई समसामयिक नेपाली समाजको ऐना मानेका छन् । माथिका अध्ययनहरूले यस कृतिमा रहेका कथाका कुनै न पक्षलाई स्पष्ट पारेका भए पनि व्यङ्ग्यार्थ केन्द्रित अध्ययनलाई अगाडि बढाएका छैनन् । *मन्त्रीको मुस्कान* लघुकथासङ्ग्रहका लघुकथामा शाब्दी र आर्थी व्यञ्जनाको प्रयोग रहेको भए पनि ती कुन रूपमा प्रयुक्त छन्, कुन कथामा कुन प्रकारको व्यञ्जना प्रधान छ, त्यसबाट कस्तो व्यङ्ग्यार्थ अभिव्यक्त भएको छ र त्यस्तो व्यङ्ग्यार्थका माध्यमबाट कथाकारले समकालीन नेपाली समाजका कुन कुन विकृति, विसङ्गति तथा अन्तर्विरोधलाई उद्घाटन गरेका छन् भन्ने पक्षमा व्यवस्थित अध्ययन हुन सकेको छैन । यसैलाई प्रस्तुत अध्ययनको मूल प्राज्ञिक समस्या बनाइएको छ । त्यसैले *मन्त्रीको मुस्कान* लघुकथासङ्ग्रहमा प्रयुक्त शाब्दी र आर्थी व्यञ्जनाको स्वरूप पहिचान गर्नु, तिनका माध्यमबाट निर्मित व्यङ्ग्यार्थको विश्लेषण गर्नु तथा व्यञ्जनात्मक अभिव्यक्तिसँग सम्बन्धित सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक र नैतिक आशयलाई स्पष्ट पार्नु यस अध्ययनको उद्देश्य रहेको छ । यसरी प्रस्तुत अध्ययन कपिल लामिछानेको समग्र साहित्यिक योगदान वा सम्पूर्ण पूर्वीय काव्यशास्त्रको अध्ययनमा केन्द्रित नभई *मन्त्रीको मुस्कान* लघुकथासङ्ग्रहमा प्रयुक्त शाब्दी र आर्थी व्यञ्जनाको प्रयोग, स्वरूप, प्रभाव र त्यसबाट अभिव्यक्त व्यङ्ग्यार्थको विश्लेषणमा सीमित रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीयक सामग्रीको उपयोग गरिएको छ । यसका लागि आवश्यक सबै सामग्री पुस्तकालय तथा इपुस्तकालयका माध्यमबाट सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनमा *मन्त्रीको मुस्कान* (२०८०) लघुकथासङ्ग्रहमा सङ्कलित ५४ ओटै लघुकथालाई सोद्देश्य छनोट गरिएको छ । यी सबै लघुकथा प्राथमिक सामग्री हुन् भने व्यञ्जना शब्दशक्तिसम्बन्धी सिद्धान्त निर्माणका क्रममा उपयोग गरिएका कृति द्वितीयक सामग्री हुन् । यस सङ्ग्रहमा रहेका व्यङ्ग्यार्थ प्रधान लघुकथाको विश्लेषणका लागि शाब्दी र आर्थी व्यञ्जनाको सिद्धान्तलाई आधार बनाइएको छ । यस अध्ययनमा लघुकथाका कथानक, पात्र, परिवेश, भाषाशैली, सामाजिक यथार्थ वा राजनीतिक चेतनालाई स्वतन्त्र अध्ययनको विषय बनाइएको छैन । यी कथात्मक तत्त्वको प्रयोग शाब्दी र आर्थी व्यञ्जनाबाट निर्मित व्यङ्ग्यार्थलाई पुष्टि गर्न मात्र उपयोग गरिएको छ । एउटै लघुकथामा दुवै प्रकारका व्यञ्जना उपस्थित हुन सक्ने भएकाले तिनलाई पूर्णतः पृथक् मानेर नभई व्यङ्ग्यार्थ निर्माणमा जुन पक्ष प्रमुख देखिन्छ, त्यसैका आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ । यो साहित्यिक कृतिको विश्लेषणमा आधारित अध्ययन भएकाले गुणात्मक प्रकृतिको रहेको छ ।

## सैद्धान्तिक पर्याधार

भाषा विचार, अनुभूति र अभिव्यक्तिको प्रमुख माध्यम हो । शब्दको प्रयोगबाट केवल प्रत्यक्ष वा प्रचलित अर्थ मात्र प्राप्त हुँदैन; सन्दर्भ, प्रसङ्ग, वक्ता, भावक, स्थान, समय, अवस्था तथा अभिव्यक्तिको विशेष प्रयोजनअनुसार शब्द वा वाक्यबाट प्रत्यक्ष रूपमा नबुझाइएको अतिरिक्त अर्थसमेत ग्रहण गर्न सकिन्छ । साहित्यिक अभिव्यक्तिमा यस प्रकारको अप्रत्यक्ष, सूचित वा सङ्केतित अर्थको विशेष महत्त्व हुन्छ । शब्द वा वाक्यले आफ्नो प्रत्यक्ष अर्थभन्दा पर रहेको कुनै विशेष अर्थको बोध गराउने सामर्थ्यलाई व्यञ्जना शब्दशक्ति भनिन्छ । काव्यमा निहित सौन्दर्य, भाव, रस, ध्वनि, प्रतीक र गहन आशयको अभिव्यक्तिमा व्यञ्जना शब्दशक्तिको महत्त्वपूर्ण भूमिका रहन्छ ।

संस्कृत काव्यशास्त्रमा व्यञ्जना शब्दशक्तिको ध्वनिसिद्धान्तसँग अभिन्नरूपमा सम्बन्ध रहेको छ । आचार्य आनन्दवर्धनले *ध्वन्यालोक*मा काव्यको वास्तविक सौन्दर्य प्रत्यक्ष वाच्यार्थमा मात्र सीमित नरही त्यसबाट व्यञ्जित हुने अर्थमा निहित हुने धारणा प्रस्तुत गरेका छन् । उनका अनुसार काव्यमा वाच्यार्थभन्दा व्यङ्ग्यार्थको प्राधान्य हुँदा ध्वनिको स्थिति निर्माण हुन्छ ( आनन्दवर्धन, सन् २०१३, पृ.३३) । यस दृष्टिले व्यञ्जना काव्यमा अप्रत्यक्ष अर्थको अभिव्यक्ति गराउने महत्त्वपूर्ण माध्यम हो ।

आचार्य मम्मटले *काव्यप्रकाश*मा अभिधा र लक्षणाबाट प्राप्त अर्थभन्दा भिन्न अर्थको बोध गराउने शक्तिका रूपमा व्यञ्जनालाई स्वीकार गरेका छन् । उनका अनुसार अभिधा र लक्षणाको व्यापारबाट प्राप्त अर्थभन्दा पर अर्को अर्थको प्रतीति गराउने सामर्थ्य व्यञ्जना हो ( मम्मट, सन् १९६०, पृ. ५४-५५) । यसबाट व्यञ्जनाले अर्थबोधको तेस्रो तह निर्माण गर्ने स्पष्ट हुन्छ । तथापि व्यञ्जनालाई केवल 'तेस्रो अर्थ' उत्पादन गर्ने यान्त्रिक प्रक्रिया मान्नु पर्याप्त हुँदैन; यसले काव्यगत सन्दर्भ, भाव, रस, प्रसङ्ग र पाठगत सङ्केतका आधारमा प्रत्यक्ष कथनभन्दा गहिरो अर्थको उद्घाटन गर्छ । आचार्य विश्वनाथले *साहित्यदर्पण*मा व्यञ्जनालाई वाच्यार्थ र लक्ष्यार्थभन्दा पर व्यङ्ग्यार्थको बोध गराउने शक्तिका रूपमा व्याख्या गरेका छन् । उनका अनुसार शब्दले आफ्नो अभिधेय अर्थ र लाक्षणिक अर्थ व्यक्त गरिसकेपछि जुन शक्तिका माध्यमबाट अन्य अर्थको बोध हुन्छ, त्यही व्यञ्जना हो (विश्वनाथ, सन् २००८, पृ. ९१) । यसप्रकार व्यञ्जनाले शब्द वा वाक्यमा अन्तर्निहित तर प्रत्यक्ष रूपमा अभिव्यक्त नहुने अर्थलाई पाठकसम्म पुऱ्याउँछ ।

व्यञ्जना शब्दशक्तिको मूल विशेषता अप्रत्यक्ष अर्थबोध हो । वक्ताले एउटा कुरा प्रत्यक्ष रूपमा व्यक्त गरे पनि त्यस कथनबाट सन्दर्भअनुसार अर्को गहन अर्थ ग्रहण हुन सक्छ । साहित्यमा यस्ता अप्रत्यक्ष अर्थहरू अझ कलात्मक, बहुअर्थी र गहन स्वरूपमा प्रस्तुत हुन्छन् । त्यसैले व्यञ्जना शब्दशक्तिको अध्ययन गर्दा केवल शब्दको कोशीय अर्थभन्दा प्रसङ्गगत अर्थ, अभिप्राय, भाव, प्रतीक, सांस्कृतिक सन्दर्भ र पाठकीय ग्रहणशीलतालाई समेत विचार गर्न आवश्यक हुन्छ ।

व्यञ्जनाको अर्को महत्त्वपूर्ण विशेषता यसको सन्दर्भसापेक्षता हो । एउटै शब्द वा वाक्यले फरक देश, काल, परिस्थिति, वक्ता, श्रोता वा सामाजिक सम्बन्धअनुसार फरक व्यङ्ग्यार्थ उत्पन्न गर्न सक्छ । यस अर्थमा व्यञ्जना स्थिर अर्थ नभई सन्दर्भसँग अन्तर्क्रिया गर्दै निर्माण

हुने अर्थगत प्रक्रिया हो । विश्वनाथले पनि व्यञ्जनाबाट प्राप्त अर्थको बोध प्रसङ्ग र विभिन्न परिस्थितिसँग सम्बन्धित हुने कुरा स्पष्ट गरेका छन् (विश्वनाथ, सन् १९७७, पृ. ९१) । यसैले साहित्यिक पाठको व्यङ्ग्यार्थ निर्धारण गर्दा केवल शब्दगत संरचनालाई हेर्नु पर्याप्त हुँदैन; त्यसको प्रसङ्ग, पात्र, कथावस्तु, सामाजिक परिवेश र लेखकको अभिप्रायलाई समेत विश्लेषण गर्नुपर्छ ।

व्यञ्जना शब्दशक्तिको सम्बन्ध ध्वनिसँग पनि अत्यन्त घनिष्ठ छ । आनन्दवर्धनको ध्वनिसिद्धान्तअनुसार काव्यमा प्रत्यक्षरूपमा अभिव्यक्त वाच्यार्थभन्दा व्यङ्ग्यार्थको प्राधान्य हुँदा काव्यको वास्तविक सौन्दर्य प्रकट हुन्छ । यस दृष्टिले ध्वनि काव्यबाट प्रतीयमान अर्थका रूपमा प्रकट हुने ध्वन्यर्थको अभिव्यक्ति पनि व्यञ्जना शब्दशक्तिबाट नै हुने गर्छ । टीकाकार विश्वेश्वरले ध्वनि र व्यञ्जनाबिचको सम्बन्ध स्पष्ट गर्दै व्यञ्जनालाई विशेष अर्थबोध गराउने शक्तिका रूपमा व्याख्या गरेका छन् (विश्वेश्वर, सन् २०१४, पृ. २१६) । अतः ध्वनि र व्यञ्जनालाई पूर्णतः समानार्थी अवधारणा मान्नु उचित हुँदैन; व्यञ्जना अर्थबोध गराउने शक्ति हो भने ध्वनि त्यस शक्तिबाट प्रकट हुने विशिष्ट व्यङ्ग्यार्थ वा काव्यगत अर्थवैभवसँग सम्बन्धित अवधारणा हो ।

व्यञ्जना शब्दशक्तिलाई मूलतः शाब्दी व्यञ्जना र आर्थी व्यञ्जना गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । शब्दविशेषको संरचना वा प्रयोगमा निर्भर भई व्यङ्ग्यार्थ उत्पन्न हुने अवस्थालाई शाब्दी व्यञ्जना भनिन्छ । यसमा कुनै विशिष्ट शब्दको प्रयोग नै व्यङ्ग्यार्थ निर्माणको आधार हुन्छ । विशेषतः अनेकार्थी शब्दका विभिन्न सम्भावित अर्थमध्ये संयोग, वियोग, साहचर्य, प्रकरण आदि कारणबाट कुनै निश्चित अर्थ ग्रहण भएपछि त्यसबाट थप व्यङ्ग्यार्थ उत्पन्न हुन सक्छ । ढकालका अनुसार शब्दविशेषमा आश्रित हुने व्यञ्जना शाब्दी व्यञ्जना हो (ढकाल, २०६७, पृ. २९) । शाब्दी व्यञ्जनामा प्रयुक्त शब्द परिवर्तन गर्दा व्यङ्ग्यार्थमा समेत परिवर्तन आउन सक्छ । यसकारण यसको आधार शब्दगत विशिष्टता हो । अर्थमा आश्रित भएर व्यङ्ग्यार्थ उत्पन्न हुने अवस्थालाई आर्थी व्यञ्जना भनिन्छ । यसमा व्यङ्ग्यार्थ कुनै एउटा शब्दमा मात्र निर्भर हुँदैन; वक्ता, श्रोता, देश, काल, परिस्थिति, प्रसङ्ग, चेष्टा, स्वर, सामाजिक सम्बन्ध तथा अभिप्राय आदिले व्यङ्ग्यार्थ निर्माणमा भूमिका खेल्छन् । ढकालले आर्थी व्यञ्जनामा वक्ता, श्रोता, देश, काल, परिस्थिति र चेष्टाजस्ता कारणबाट विशिष्ट अर्थबोध हुने उल्लेख गरेका छन् (ढकाल, २०६७, पृ. २९) । त्यसैले एउटै वाक्य विभिन्न परिस्थितिमा फरक अर्थमा ग्रहण हुन सक्छ ।

प्रस्तुत अध्ययनमा व्यञ्जना शब्दशक्तिलाई केवल परम्परागत काव्यशास्त्रीय अवधारणाका रूपमा मात्र नभई लघुकथामा प्रत्यक्ष कथ्यभन्दा पर निहित सामाजिक, राजनीतिक, सांस्कृतिक, नैतिक र मानसिक अर्थ विश्लेषण गर्ने आधारका रूपमा लिइएको छ । व्यङ्ग्य वर्तमान समयमा राजनीतिक संवाद, आलोचना र असहमति व्यक्त गर्ने एक शक्तिशाली र प्रभावशाली माध्यम हो (डे, सन् २०१२, पृ. १) । साहित्यिक कृतिबाट अभिव्यक्त हुने अर्थगत गहनता र अर्थगत विविधताका लागि व्यञ्जना शब्दशक्ति उपयोग हुन्छ । यसैका माध्यमबाट अभिव्यक्त हुने अर्थ नै व्यङ्ग्यार्थ हो । व्यङ्ग्यले वास्तविकता र नक्कल वा अभिनयलाई एकसाथ मिसाएर शक्तिशाली राजनीतिक तर्क प्रस्तुत गर्दछ (डे, सन् २०१२, पृ. ५) । *मन्त्रीको मुस्कान* लघुकथासङ्ग्रहका कथाहरूमा प्रयुक्त शब्द, वाक्य, संवाद, शीर्षक, प्रतीक, पात्रगत

व्यवहार र घटनासंरचनाबाट उत्पन्न हुने व्यङ्ग्यार्थको पहिचान र विश्लेषण यही सैद्धान्तिक आधारमा गरिएको छ ।

## मन्त्रीको मुस्कान लघुकथासङ्ग्रहमा व्यञ्जना

*मन्त्रीको मुस्कान* लघुकथासङ्ग्रहमा रहेका कथाममा हाम्रो समाजका विकृति र विसङ्गतिलाई प्रहार गरिएको छ । यस सङ्ग्रहका लघुकथाका विषयमा लेखक स्वयम् नै भन्छन्, "झिलिक्क बिजुली चम्के जस्तो । यसको आकार परिमित भए पनि प्रभाव अपरिमित हुन्छ" (*मन्त्रीको मुस्कान,* पृ. क) । यसै आधारमा हेर्दा लघुकथाको प्रभाव अपरिमित हुने र लघुकथालाई अपरिमेय बनाउनका लागि व्यञ्जना शब्दशक्तिको भूमिका रहने गर्छ । लघुकथाका सर्जक कपिल लामिछाने व्यङ्ग्यविधानमा प्रवीण भएकै कारण उनका लघुकथा प्रभावकारी भएका छन् (श्रेष्ठ, २०८०, बाहिरी आवरण) । लघुकथामा विशेष प्रभाव छोड्दै आएका लामिछानेका रचना व्यङ्ग्यधर्मी छन् । उनका लघुकथामा सामाजिक विषमताको विरोधका साथै राजनीतिक अवस्थाप्रति व्यङ्ग्य प्रहार गरिएको छ (भट्ट, २०८०, बाहिरी आवरण) । लामिछानेका कथाले नेपाली समाजका विविध पक्षलाई विषय बनाएर त्यसमा रहेका विकृति र विसङ्गति औँल्याउने काम मात्र गरेका छैनन्, अपितु ती क्षेत्रको सुधार गर्नुपर्ने सन्देशसहित व्यङ्ग्य प्रहार पनि गरेका छन् । यसरी सङ्ग्रहमा अभिव्यक्त व्यङ्ग्यार्थलाई शब्दप्रधान शाब्दी व्यञ्जना र प्रसङ्गप्रधान आर्थी व्यञ्जनाका आधारमा विश्लेषण गर्न सकिन्छ ।

### शाब्दी व्यञ्जना

कपिल लामिछानेको *मन्त्रीको मुस्कान* लघुकथासङ्ग्रहमा शाब्दी व्यञ्जना मुख्यतः विशिष्ट शब्द, शब्दसमूह, शीर्षक, अनेकार्थ वा अर्थविस्तारयुक्त पद तथा प्रतीकात्मक शब्दप्रयोगबाट निर्मित भएको देखिन्छ । शाब्दी व्यञ्जनामा व्यङ्ग्यार्थको बोधका लागि कुनै खास शब्दको विशिष्टता निर्णायक हुन्छ; त्यस शब्दलाई समानार्थी अर्को शब्दले प्रतिस्थापन गर्दा पूर्ववत् व्यञ्जनात्मक प्रभावमा क्षति पुग्छ । यस दृष्टिले 'पिँजडा', 'लकडाउन', 'दाँत', 'असल चिकित्सक', 'सुरक्षा', 'उपचार', 'मन्त्रीको मुस्कान', 'ताकत', 'श्री तीन', 'हुँडार एकता', 'अल्लाहेश्वर', 'नाक', 'मूल्य', 'सफा मन', 'चोट' र 'सिस्टम' जस्ता शब्द वा शीर्षकहरू महत्त्वपूर्ण छन् । 'पिँजडा' र 'लकडाउन' लघुकथाले क्रमशः चराको बन्दी अवस्था र मानवको बन्दाबन्दीलाई जनाउने भए पनि कथाको समग्र सन्दर्भमा यी शब्दले स्वतन्त्रताहीनता र बन्धक जीवनको साझा अनुभूतिलाई व्यञ्जित गरेका छन् । 'गहना र नाक' लघुकथामा 'नाक' शारीरिक अङ्गको वाच्यार्थबाट विस्तार भएर नारीको इज्जत, प्रतिष्ठा र अस्मिताको प्रतीकात्मक अर्थ ग्रहण गर्न पुगेको छ । लघुकथाको "अनि ऊ नाक त्यहीँ छाडी झोलाभरि नोटका बिटा बोकेर हिँडी" भन्ने सूत्रात्मक कथनमा 'नाक' शब्दको विशिष्ट प्रयोगले भौतिक गहनाभन्दा महत्त्वपूर्ण सामाजिक प्रतिष्ठासमेत दाउमा राखिएको अर्थलाई तीव्र बनाएको छ ( लामिछाने, २०८०, पृ. ४४) । यस कारण यी उदाहरणमा शब्द स्वयं व्यङ्ग्यार्थका द्योतक बनेका छन् ।

शाब्दी व्यञ्जनाको अर्को महत्त्वपूर्ण क्षेत्र शीर्षकका रूपमा आएका शब्दको अर्थविस्तार हो । 'असल चिकित्सक' लघुकथामा 'असल' शब्द सामान्यतः नैतिक, सेवाभावी र दक्ष चिकित्सकको सकारात्मक विशेषण हो तर कथामा अनावश्यक परीक्षण र औषधी लेख्ने चिकित्सकीय

प्रवृत्तिसँग यो शब्द जोडिँदा यसको अभिधेयार्थको विपरीत व्यङ्ग्यार्थ उत्पन्न हुन्छ । "टेस्ट नगरी कसरी चेक हुन्छ ? प्याथोलोजी पनि चल्नुपर्‍यो" तथा "अनि बल्ल पो असल डक्टर भइन्छ कि कसो ?" भन्ने कथनमा 'असल' शब्दले नै चिकित्सको व्यवसायमा विकसित आर्थिक स्वार्थमाथि व्यङ्ग्यात्मक अर्थ आरोपित गरेको छ (लामिछाने, २०८०, पृ. ११) । त्यस्तै 'उपचार' शीर्षकले सामान्यतः रोग निवारणको अर्थ दिने भए पनि कथामा राजनीतिक पद प्राप्तिका लागि गरिने दौडसँग जोडिएर राजनीतिक उपचारको अर्थ अभिव्यक्त गरेको छ ( लामिछाने, २०८०, पृ. २०-२१) । 'सुरक्षा' शीर्षकमा सुरक्षा दिने अपेक्षा गरिएको शब्द नै कथाको प्रसङ्गमा भय र दमनको विडम्बनासँग जोडिन पुगेको छ (लामिछाने, २०८०, पृ. १६-१७) । 'मूल्य' लघुकथामा मूल्य शब्द आर्थिक विनिमयको सीमाबाट विस्तार भएर श्रम, मानवीयता र आत्मसम्मानको अर्थमा पुगेको छ (लामिछाने, २०८०, पृ. ८४-८५) । यसरी शीर्षक वा विशिष्ट शब्दलाई कथाको अन्य शब्दले विस्थापित गर्दा मूल व्यङ्ग्यार्थमा परिवर्तन आउँछ । त्यसैले यी शाब्दी व्यञ्जनाका उत्कृष्ट दृष्टान्त हुन् ।

शाब्दी व्यञ्जनाको सशक्त उदाहरण 'बाघको विजय' लघुकथामा प्रयुक्त 'दाँत', 'अहिंस्रक' र 'विजय' जस्ता पदावलीमा भेटिन्छ । "सबै दाँत उखेल्ने हो भने समस्या पर्छ र तपाईंको पहिचान समाप्त हुन्छ" भन्ने कथनमा 'दाँत' बाघको शारीरिक अङ्ग मात्र होइन, उसको हिंस्रक पहिचान र शक्ति स्वरूपसँग सम्बन्धित विशिष्ट शब्द बनेको छ । त्यसपछि "चुनाउभरि तपाईं अरूका सामुन्ने पूर्ण अहिंस्रक देखिनुहुन्छ" भन्ने कथनले 'अहिंस्रक' शब्दलाई बाघको वास्तविक स्वभावको विपरीत अर्थमा स्थापित गरिदिएको छ । अन्त्यमा "चुनाउमा बाघको सानदार विजय भयो" भन्ने वाक्यमा 'विजय'ले केवल चुनावी सफलता नभई बाह्य रूप परिवर्तनमार्फत जनतालाई भ्रमित पारेर सत्ता प्राप्त गर्ने राजनीतिक प्रवृत्ति बुझाउने नेपाली राजनीतिको यथार्थबोध गराएको छ (लामिछाने, २०८०, पृ. ४) । त्यसैगरी 'श्री तीन' लघुकथामा ऐतिहासिक पदनाम, 'अल्लाहेश्वर' लघुकथामा दुई धार्मिक सांस्कृतिक पदको संयोजन, 'गाँठो' तथा 'चोट'मा 'चोट'जस्ता शब्दले आफ्नो सामान्य अर्थभन्दा पर क्रमशः निरङ्कुश सत्ता, धार्मिक सहअस्तित्व, मानसिक जटिलता र सामाजिक विभेदको अर्थ व्यञ्जित गरेका छन् । यसरी शब्दको चयन, पदसंयोजन र अर्थविस्तारका कारण यी कथामा शाब्दी व्यञ्जना सशक्त बनेको देखिन्छ ।

*मन्त्रीको मुस्कान* लघुकथासङ्ग्रहमा शाब्दी व्यञ्जना शब्दगत सङ्केत, शीर्षकीय अर्थविस्तार, प्रतीकात्मकता, अर्थविरोध र विशिष्ट पदप्रयोगमा केन्द्रित रहेको पाइन्छ । 'पिँजडा' लघुकथामा 'लकडाउन', 'गहना र नाक' लघुकथामा 'नाक', 'बाघको विजय' लघुकथामा 'दाँत', 'असल चिकित्सक' लघुकथामा 'असल', 'सुरक्षा' लघुकथामा 'सुरक्षा', 'उपचार' लघुकथामा 'उपचार', 'मन्त्रीको मुस्कान' लघुकथामा 'मुस्कान', 'श्री तीन' लघुकथामा 'श्री तीन', 'हुँडार एकता' लघुकथामा 'एकता', 'अल्लाहेश्वर' लघुकथामा संयुक्त धार्मिक पद, 'मूल्य' लघुकथामा 'मूल्य', 'सफा मन' लघुकथामा 'गाँठो', 'चोट' लघुकथामा 'चोट' र 'सिस्टम' लघुकथामा 'सिस्टम' जस्ता शब्दले कथाको प्रत्यक्ष अर्थलाई अतिक्रमण गरी समाज, राजनीति, अर्थ, संस्कृति तथा मनोविज्ञानसँग सम्बन्धित व्यङ्ग्यार्थ अभिव्यञ्जन गरेका छन् । यसबाट सङ्ग्रहमा शाब्दी व्यञ्जना केवल साङ्केतिक शब्दप्रयोग नभई शब्दलाई विशिष्ट व्यङ्ग्यार्थको स्तरमा पुऱ्याउने अर्थप्रक्रियाका रूपमा स्थापित भएको छ । विशेषतः 'मन्त्रीको मुस्कान' शीर्षक लघुकथामा

'मुस्कान'को सकारात्मक वाच्यार्थ र विपत्तिमा मन्त्रीको व्यवहारबाट उत्पन्न नकारात्मक व्यङ्ग्यार्थबिचको विरोध नै व्याङ्ग्यार्थको उत्कृष्ट उदाहरण बनेको छ ।

## आर्थी व्यञ्जना

*मन्त्रीको मुस्कान* लघुकथासङ्ग्रहमा आर्थी व्यञ्जना शाब्दी व्यञ्जनाभन्दा अझ शक्तिशाली बनेर अभिव्यञ्जित भएको छ । आर्थी व्यञ्जनामा कुनै एक शब्दको विशिष्टताभन्दा वक्ता, बोधव्य, वाक्य, प्रसङ्ग, भावक, स्थान, समय, अवस्था, अभिनयात्मक पात्रगत व्यवहार र घटनासंरचना जस्ता अर्थगत आधारले व्यङ्ग्यार्थ निर्माण गर्छन् । यस दृष्टिले 'पिँजडा' लघुकथामा कोभिडको समयमा मानिसका लागि घर नै पिँजडा बनेको थियो भन्ने कुरा प्रस्तुत, 'बाघको विजय' लघुकथामा चुनावअघि र चुनावपछि बाघको व्यवहारमा आएको परिवर्तन, 'ईश्वरको पुनर्जन्म' लघुकथामा ईश्वरको मानव सेवातर्फको रूपान्तरण, 'साझा तीर्थ' लघुकथामा धार्मिक विभाजन, 'रोबर्ट मान्छे' लघुकथामा यन्त्रको मानवीय व्यवहार, 'हुँडार एकता' लघुकथामा एकताको नाममा स्वार्थसङ्घर्ष तथा 'राजनीतिक नियुक्ति' लघुकथामा सरकार परिवर्तनसँगै कर्मचारीप्रतिको व्यवहारमा हुने परिवर्तन जस्ता प्रसङ्गका माध्यमबाट व्यङ्ग्यार्थ अभिव्यञ्जित भएको छ । 'बाघको विजय' लघुकथाको प्रसङ्गमा बाघले आफ्नो वास्तविक दाँत लुकाएर कृत्रिम गिँजाको सेट लगाउने, चुनावभरि भेज खाने र मिठो बोल्ने तथा प्रधानमन्त्री भएपछि पुनः पुरानै दाँत प्रयोग गर्ने योजना बनाउनु केवल दाँतसम्बन्धी घटना होइन; चुनावअघि जनतासामु कृत्रिम रूपमा जनप्रिय देखिने र सत्तामा पुगेपछि वास्तविक चरित्र प्रकट गर्ने राजनीतिक प्रवृत्तिप्रतिको व्यङ्ग्यार्थ हो (लामिछाने, २०८०, पृ.४) । यस अर्थमा यहाँ व्यङ्ग्यार्थ पात्रको व्यवहार, चुनावी परिस्थिति र घटनाको परिणतिबाट उत्पन्न भएकाले आर्थी व्यञ्जना प्रधान छ ।

आर्थी व्यञ्जनाको स्पष्ट रूप संवाद र पात्रगत चेष्टाबाट निर्मित व्यङ्ग्यार्थमा देखिन्छ । 'असल चिकित्सक' लघुकथामा चिकित्सकले बिरामीलाई आवश्यकताभन्दा बढी परीक्षण गराउने, औषधी लेख्ने र त्यसलाई नै 'असल डक्टर' बन्ने आधार ठान्ने व्यवहारले स्वास्थ्य क्षेत्रमा व्याप्त व्यापारीकरणलाई व्यञ्जित गरेको छ । "अनि बल्ल पो असल डक्टर भइन्छ कि कसो ?" भन्ने प्रश्नलाई शब्दको सामान्य अर्थबाट मात्र ग्रहण गर्दा वास्तविक व्यङ्ग्यार्थ प्राप्त हुँदैन; चिकित्सकको सोच, बिरामीप्रतिको दृष्टिकोण र स्वास्थ्य सेवाभित्रको आर्थिक स्वार्थलाई समग्र रूपमा बुझेपछि मात्र त्यसको व्यङ्ग्यार्थ स्पष्ट हुन्छ (लामिछाने, २०८०, पृ. ११) । 'सर्पको सोख' लघुकथामा घरभरि सर्पका चित्र राखेर आफूलाई सर्पप्रेमी देखाउने व्यक्ति वास्तविक सर्प देखेपछि डराएर भाग्नु अझ सशक्त आर्थी व्यञ्जनाको उदाहरण हो । कथाको अन्त्यमा त्यो सर्प रबरको भएको खुल्नुले पात्रको देखावटीपनलाई थप विडम्बनात्मक बनाउँछ (लामिछाने, २०८०, पृ. २३) । यहाँ 'सर्प' शब्दभन्दा पात्रको व्यवहार र वास्तविक परिस्थितिबिचको विरोधाभास नै व्यङ्ग्यार्थको प्रमुख आधार हो । यसबाट बाह्य प्रदर्शन र आन्तरिक वास्तविकताबिचको दूरीप्रति लेखकको आलोचनात्मक दृष्टि प्रकट हुन्छ ।

आर्थी व्यञ्जनाको अर्को सशक्त क्षेत्र घटनासंरचना र परिस्थितिजन्य विरोधाभास हो । 'मन्त्रीको मुस्कान' लघुकथामा प्राकृतिक विपत्तिले जनधनको क्षति पुऱ्याइरहेको अवस्थामा मन्त्रीले गम्भीर चिन्ता प्रकट गर्नुपर्नेमा "प्रकृतिलाई धन्यवाद छ । यो त हामीलाई अर्को दसैं हो" भन्दै

अनुगमन, हवाई अवलोकन र हेलिकप्टरको व्यवस्था गर्न निर्देशन दिन्छन् (लामिछाने, २०८०, पृ. २९) । यहाँ 'मुस्कान' शब्द आफैँमा व्यङ्ग्यार्थको पूर्ण आधार होइन; जनताको दुःख, मन्त्रीको प्रतिक्रिया, राहतको सट्टा हवाई अवलोकनको चाहना र विपत्तिलाई अवसरका रूपमा ग्रहण गर्ने मानसिकताबिचको सम्बन्धबाट सत्ताको संवेदनहीनता व्यञ्जित हुन्छ । त्यसैगरी 'ताकत' लघुकथामा चोरीमा पक्राउ परेको व्यक्तिले प्रहरीको नाइकेको खल्तीमा पैसा हाल्दै "सक्कली हो । म नक्कली काम गर्दिनँ" भन्नु तथा प्रहरीको त्यस व्यवहारबाट चोरी र प्रशासनबिचको सम्भावित मिलेमतो देखिनु घटनागत र व्यवहारगत व्यञ्जनाको उदाहरण हो (लामिछाने, २०८०, पृ. ३१) । यसैगरी 'साझा तीर्थ' लघुकथामा धार्मिक संस्थाहरूबिचको विभाजन, 'रेस्टुरेन्ट' लघुकथामा आतिथ्यभित्रको व्यापारिक स्वार्थ, 'सिस्टम' लघुकथामा संस्थागत भ्रष्टाचार, 'सम्पत्ति' लघुकथामा मृत्यु र स्वार्थको सम्बन्ध तथा 'छिमेकी' लघुकथामा विश्वास र सामाजिक सहयोग जस्ता प्रसङ्गबाट व्याङ्ग्यार्थ अभिव्यञ्जित भएको छ ।

*मन्त्रीको मुस्कान* लघुकथासङ्ग्रहमा आर्थी व्यञ्जनाले सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक, प्रशासनिक र नैतिक जीवनका अन्तर्विरोधलाई समग्र परिस्थितिका माध्यमबाट उद्घाटित गरेको छ । कोरोना कालमा मानिसले आफ्नै घररूपी पिँजडामा बन्द भएर स्वतन्त्रताको महत्त्व अनुभव गरेको प्रसङ्गले 'पिँजडा' लघुकथामा मानव र अन्य जीवप्रतिको व्यवहारमा रहेको विरोधाभास प्रकट भएको छ । मानिसले अरू जीवलाई आफ्नो सोख र स्वार्थका लागि पिँजडामा थुन्दै आए पनि आफू त्यस्तै बन्दी जीवनमा पुगेपछि मात्र त्यसको पीडा अनुभव गर्नुबाट मानवीय स्वार्थ र स्वतन्त्रताको दोहोरो मापदण्ड व्यञ्जित भएको छ ( लामिछाने, २०८०, पृ. १-२) । त्यस्तै यस सङ्ग्रहका लघुकथामा धर्मका नाममा हुने विभाजन, मानवबिचको अविश्वास, स्वास्थ्य क्षेत्रमा मौलाएको आर्थिक स्वार्थ, प्रशासनिक निकायमा भाइबन्धु तथा राजनीतिक प्रभाव, स्वार्थी राजनीतिक प्रवृत्ति, नारीको सामाजिक प्रतिष्ठासँग जोडिएको गहनामोह, देखावटी जीवन र विपत्तिमा समेत फाइदा उठाउने सत्तामनोवृत्ति जस्ता पक्षलाई घटनाको समग्र संरचनाबाट व्यङ्ग्य गरिएको छ । यसैले यस सङ्ग्रहमा आर्थी व्यञ्जना वक्ताको भनाइभन्दा पात्रको चेष्टा, शब्दभन्दा प्रसङ्ग, कथनभन्दा घटना र प्रत्यक्ष अर्थभन्दा घटनाबाट पाठकले ग्रहण गर्ने अन्तर्निहित आशयमा आधारित रहेको छ ।

*मन्त्रीको मुस्कान* कृतिमा समाविष्ट लघुकथामा व्यङ्ग्यार्थ सशक्त रूपमा अभिव्यक्त भएको छ । विश्लेष्य कृतिमा शाब्दी र आर्थी व्यञ्जना व्यङ्ग्यका रूपमा प्रकट भएको छ । शाब्दी व्यञ्जना मुख्यतः विशिष्ट शब्द, शीर्षक, प्रतीकात्मक पद, अर्थविरोध तथा अर्थविस्तारमा केन्द्रित छ भने आर्थी व्यञ्जना पात्रगत व्यवहार, संवाद, परिस्थिति, सामाजिक परिवेश, घटनासंरचनाबाट अभिव्यक्त भएको छ । एउटै कथामा दुवै व्यञ्जना उपस्थित हुन सक्ने भए पनि व्यङ्ग्यार्थको अन्तिम र व्यापक अर्थनिर्माणमा आर्थी व्यञ्जनाको भूमिका बढी प्रभावकारी देखिन्छ । विशेषतः 'बाघको विजय' लघुकथामा 'दाँत', 'अहिंस्रक' र 'विजय' जस्ता शब्द शाब्दी व्यञ्जनाका आधार हुन् भने बाघको चुनावी व्यवहार र सत्ता प्राप्तिपछिको वास्तविक स्वरूप आर्थी व्यञ्जनाका आधार हुन् । 'मन्त्रीको मुस्कान' लघुकथामा 'मुस्कान' शाब्दी व्यञ्जनाको केन्द्र हो भने विपत्तिमा मन्त्रीको प्रतिक्रिया, राहतको सट्टा हवाई अवलोकनको चाहना र जनताको दुःखप्रतिको उदासीनता आर्थी व्यञ्जनाको आधार हो । यसरी शब्दले सङ्केत गरेको

अर्थलाई पात्र, प्रसङ्ग र घटनाले विस्तार गर्दै सामाजिक व्यङ्ग्यार्थमा रूपान्तरण गर्ने संरचना नै यस सङ्ग्रहको व्यञ्जनात्मक विशेषता हो ।

*मन्त्रीको मुस्कान* कृतिमा व्यङ्ग्यार्थ केवल अप्रत्यक्ष अर्थ सम्प्रेषणको साधन नभई लघुकथाको सङ्क्षिप्त आकारलाई प्रभावकारी, बहुअर्थी र आलोचनात्मक बनाउने केन्द्रीय शिल्पगत आधारका रूपमा स्थापित भएको छ । लेखकले प्रत्यक्ष रूपमा सामाजिक विकृति घोषणा गर्नुभन्दा शब्द, प्रतीक, पात्रको व्यवहार, संवाद र घटनाको संयोजनमार्फत पाठकलाई व्यङ्ग्यार्थ आफैँ ग्रहण गर्न लगाएका छन् । यही कारण सङ्ग्रहका कथामा सामाजिक सुधार, राजनीतिक शुद्धता, मानवीयता, धार्मिक सहअस्तित्व, नैतिकता, प्रशासनिक स्वच्छता र मानवीय सम्बन्धको पुनर्स्थापना जस्ता वाच्यार्थको पछाडि लुकेको व्यङ्ग्यार्थ गम्भीर आशयका रूपमा अभिव्यक्त भएको छ । यस आधारमा *विश्लेष्य कृतिमा* शाब्दी व्यञ्जना व्यङ्ग्यको सूक्ष्म शब्दगत प्रवेशद्वार र आर्थी व्यञ्जना त्यस व्यङ्ग्यार्थलाई व्यापक सामाजिक अर्थमा विस्तार गर्ने प्रमुख माध्यम बन्न पुगेका छन् ।

## निष्कर्ष

कपिल लामिछानेको *मन्त्रीको मुस्कान* (२०८०) लघुकथासङ्ग्रहमा समाविष्ट ५४ ओटै लघुकथामा समकालीन नेपाली समाजका सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक, प्रशासनिक तथा नैतिक विकृति र विसङ्गतिलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । सङ्क्षिप्त आख्यानात्मक संरचनामा गहन आशय सम्प्रेषण गर्ने क्रममा कथाकारले प्रत्यक्ष कथ्यभन्दा परको अर्थ निर्माण गर्न व्यञ्जनालाई प्रभावकारी शिल्पका रूपमा प्रयोग गरेका छन् । संस्कृत काव्यशास्त्रअनुसार विशिष्ट शब्द, पद, शीर्षक, प्रतीक तथा अर्थविस्तारबाट व्यङ्ग्यार्थ निर्माण हुने शाब्दी व्यञ्जना र वक्ता, पात्र, प्रसङ्ग, परिस्थिति, चेष्टा तथा घटनासंरचनाबाट व्यङ्ग्यार्थ अभिव्यक्त हुने आर्थी व्यञ्जना यस सङ्ग्रहका प्रमुख व्यङ्ग्यार्थका आधार हुन् । 'पिँजडा', 'दाँत', 'नाक', 'असल', 'उपचार', 'मूल्य', 'मुस्कान' तथा 'सिस्टम' जस्ता शब्दले शाब्दी व्यञ्जनाका माध्यमबाट अतिरिक्त अर्थ सङ्केत गरेका छन् भने 'बाघको विजय', 'असल चिकित्सक', 'सर्पको सोख', 'मन्त्रीको मुस्कान'लगायतका कथामा पात्रको व्यवहार, घटनाको विकास र परिस्थितिजन्य विरोधाभासबाट आर्थी व्यञ्जना सशक्त बनेको छ । शाब्दी व्यञ्जनाले व्यङ्ग्यार्थ निर्माणको शब्दगत आधार तयार गरे पनि त्यसलाई व्यापक सामाजिक अर्थमा विस्तार गर्ने कार्य आर्थी व्यञ्जनाले गरेको छ । यसरी *मन्त्रीको मुस्कान* लघुकथासङ्ग्रहमा व्यञ्जना केवल अप्रत्यक्ष अर्थ सम्प्रेषण गर्ने माध्यम नभई लघुकथाको सीमित आयामलाई बहुअर्थी, प्रभावकारी, आलोचनात्मक तथा व्यङ्ग्यार्थमूलक बनाउने आधार बनेको छ ।

## सन्दर्भसूची

आनन्दवर्धन (सन् २०१३). *ध्वन्यालोक* (टीकाकार आचार्य विश्वेश्वर). वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

ढकाल, वेणीमाधव (२०६७). *काव्यदीपिका.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

थापा, अशोक (२०८१). मन्त्रीको मुस्कानमा राजनीतिक अराजकता. *कपिल लामिछानेको लघुकथा साधना.* काठमाडौँ : भुँडीपुराण प्रकाशन, पृ. २१६-२२९ ।

पन्थी, तेजप्रसाद (२०८१). मन्त्रीको मुस्कानको वास्तविकतालाई बुझ्दा *कपिल लामिछानेको लघुकथा साधना.* काठमाडौँ : भुँडीपुराण प्रकाशन, पृ. ३५३-३५६ ।

पोखरेल, भोलानाथ (२०८१). मन्त्रीको मुस्कान लघुकथासङ्ग्रहमा सामाजिक यथार्थवाद. *कपिल लामिछानेको लघुकथा साधना.* काठमाडौँ : भुँडीपुराण प्रकाशन, पृ. ११-१९ ।

पौड्याल, शालिकराम (सम्पा.). (२०८१). *कपिल लामिछानेको लघुकथा साधना.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भट्ट, पुष्करराज (२०८०). भनाइ (बाहिरी आवरण). *मन्त्रीको मुस्कान.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भण्डारी, हरिप्रसाद (२०८१). मन्त्रीको मुस्कानमा राजनीतिक व्यङ्ग्य. *कपिल लामिछानेको लघुकथा साधना.* काठमाडौँ : भुँडीपुराण प्रकाशन, पृ. ९५-१०८ ।

मम्मट (सन् १९६०). *काव्यप्रकाश* (टीकाकार हरिदत्त शास्त्री र श्रीनिवास शास्त्री). मेरठ : साहित्य भण्डार ।

लामिछाने, कपिल (२०८०). *मन्त्रीको मुस्कान.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

विश्वनाथ (सन् १९७७). *साहित्यदर्पण* (टीकाकार शालिग्राम शास्त्री). दिल्ली : मोतीलाल बनारसीदास ।

विश्वनाथ (सन् २००८). *साहित्यदर्पण* (टीकाकार लोकमणि दाहाल).वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।

विश्वेश्वर (सन् २०१४). *काव्यप्रकाश* (लेखक मम्मट). वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

श्रेष्ठ, दयाराम (२०८०). भनाइ (बाहिरी आवरण). *मन्त्रीको मुस्कान.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

**Day, Amber.** (2012). **Satire and Dissent: A Theoretical Overview**. *Comunicazione Politica*, 12 (1).